# दुःखान्त नाटक अन्धवेगमा नायिका पम्फाको यौन चरित्र

सरितादेवी भट्टराई
शिक्षण सहायक, पथरी बहुमुखी क्याम्पस
Email: saritabhattarai729@gmail.com

Received: August 14, 2024 Revised: February 5, 2025 Accepted: May 5, 2025

**सार**

दुःखान्त नाटक अन्धवेगमा नायिका पम्फाको यौन चरित्र शीर्षकमा तयार पारिएको प्रस्तुत लेखमा नायिका पम्फाको कामवासनायुक्त आवेग उचित हो वा होइन ? नाटकमा प्रयुक्त नायिका पम्फाको क्रियाकलाप सामाजिक दृष्टिले कतिको उपयुक्त छ ? यस्ता क्रियाकलापले समाजमा कस्ता समस्याहरू निम्त्याउँछ भन्ने समस्यामा आधारित भई नायिका पम्फाको यौन चरित्र विश्लेषण गर्ने उद्देश्य राखिएको छ । लेखमा नारीहरूले आफ्नो अतृप्त यौनेच्छा पूरा गर्न खोज्दा पितृप्रधान समाजमा यसले पार्ने प्रभावको विश्लेषणसमेत गरिएको छ । पुस्तकालयीय विधिबाट तथ्याङ्क सङ्कलन गरिएको तथा वर्णनात्मक विधिको प्रयोग गरी तथ्यहरूको विश्लेषण गरिएको यस लेखमा यस्ता क्रियाकलापले समाजमा कस्ता समस्याहरू निम्त्याउँछ भनी विश्लेषण गर्नुका साथै तत्कालीन नेपाली समाजमा लिङ्गगत विभेदका कारण नारीहरूले आफ्ना यौनेच्छा दबाउँदै आएका तर हाल आएर यसले विकराल रूप लिएको सन्दर्भलाई समेत प्रस्तुत गरिएको छ । नाटकमा पितृसत्ता र सामाजिक संरचनाका कारण नारीहरूमा खुलेर आफ्ना इच्छा चाहना पूरा गर्न नसक्ने बाध्यता रहेको देखिन्छ । कतिपय नारीहरूले सामाजिक बन्धनलाई भत्काएर आफ्ना अतृप्त चाहना पूरा गर्न खोज्दा निम्तिने दुःखान्त अवस्था नाटकमा देखिएको छ । आफ्ना पत्नीबाट यौन सन्तुष्टि नपाए परस्त्री गमन गर्न छुट दिने तत्कालीन नेपाली समाजमा नारीहरूले सो कार्य गर्नु ठुलो अपराध मानिएको छ । यहाँ पम्फाको सो कार्य गलत भएको र नारी पुरुष दुवैलाई नैतिक धरातलमा समानताका लागि आवाज उठाउनु पर्ने कुरा निष्कर्ष आएको छ । पम्फाले आफ्नो यौन आवेगलाई नियन्त्रण गर्न नसक्दा जयवीर मारिएको, गरुडध्वज आत्महत्या गर्न बाध्य भएको र स्वयम् पम्फा यी दृश्य देखेर मर्न बाध्य भएकी छे । समग्रमा भन्दा पम्फाको अतृप्त यौनेच्छा नाटक दुःखान्तको कारण बनेको पाइन्छ ।

*प्रमुख शब्दहरू : अतृप्त, चाहना, बाध्यात्मक, यौनेच्छा, समाज*

## परिचय

नाटक शब्द संस्कृत तत्सम शब्दको रूपमा नेपाली भाषामा प्रचलित साहित्यका चार प्रमुख विधाहरू (कविता, कथा, निबन्ध र नाटक) मध्ये प्राचीन एवम् समृद्ध विधा हो । नाटकलाई चिनाउने मूल विशेषता भनेको अभिनेयात्मकता नै हो । नट् + अक मिलेर बनेको नाटक शब्दले अभिनेय गुण रहेको साहित्यिक रचनालाई बुझाउँछ । पूर्व र पश्चिम दुवैतर्फ नाटकको सुदीर्घ परम्परा रहे पनि नाटकको उत्पतिका विषयमा धार्मिक उत्पत्तिसम्बन्धी मत, लौकिक उत्पत्तिसम्बन्धी मत, विदेशी प्रभावसम्बन्धी मत र विकासवादी मतहरू रहेका छन (भट्टराई, २०७८) । पूर्वमा मानव सभ्यताको विकाससँगै चारवेदको निर्माण भएपछि त्यसको अध्ययन र आस्वादन शुद्र र स्त्री जातिहरूका लागि वर्जित भएकाले नाना प्रकारका भोकरोग र शोकले पीडित स्त्री र शुद्र जातिहरूको कल्याणका लागि देवताहरू उपायको खोजीमा ब्रहमाजीसमक्ष पुगेका थिए । देवताहरूकै सल्लाहअनुसार पञ्चमवेदका रूपमा नाट्यवेदको रचना गरिएको भन्ने मान्यता पूर्वमा रहेको  छ ।

समग्रमा नाटक भनेको संवाद वा कथोपकथनका माध्यमबाट मानव जीवनका विभिन्न क्रियाकलापहरूको अनुकरण गर्ने अभिनयमूलक ढङ्गले पाठक वा दर्शकका निम्ति प्रस्तुत गरिने मनोरञ्जनात्मक साहित्यिक विधा हो । जसमा आख्यानात्मक कथ्य, अभिनय, संवादात्मक शैलीको प्रयोग गरिएको हुन्छ ।  विषयवस्तुगत स्वरूप, अन्तिम परिणति, आकारप्रकारगत आयाम र शैलीका आधारमा नाटकलाई विभाजन गरिएको पाइन्छ । संस्कृत साहित्यमा नाटक वा नाटकको मूल स्वरूपलाई रूपक भनिन्छ । "नाट्यशास्त्र, दशरूपक र साहित्यदर्पण आदिका आधारमा रूपकका दस भेद हुन्छन्" (थापा, २०६६) । जसमा  नाटक, प्रकरण, भाण, प्रहसन, डिम, व्यायोग, समवकार, बीथी, अङ्क र ईहामृग रहेका छन् ।

वि.स.१८५५ सालमा लेखिएको शक्तिबल्लभ अर्यालको 'हाँस्यकदम्ब' नै पहिलो नेपाली नाटक हो । त्यस समयदेखि सुरू भएको नाट्यपरम्पराले आजसम्म आइपुग्दा तीन चरण पार गरेको पाइन्छ । वि.स. १८५५ देखि १९४३ सम्मको समय प्राथमिक काल, वि.स. १९४४ देखि १९८५ सम्मको समय माध्यमिक काल र वि.स. १९८६ मा बालकृष्ण समको मुटुको व्यथाबाट हालसम्मको

समय नेपाली नाटकको आधुनिक काल मानिएको छ। नेपाली नाटकको आधुनिक कालमा सामाजिक आदर्शन्मुख यथार्थवादी धारा, सामाजिक यथार्थवादी धारा, मनोविश्लेषणत्मक धारा र प्रयोगवादी धारा देखापरेका छन्। नेपाली नाटकको आधुनिक कालमा देखापरेको अन्धवेग नाटक एउटा सम्पन्न परिवारमा घटित घटना प्रस्तुत गरिएको यौन मनोवैज्ञानिक नाटक हो।

"नेपाली नाटकको आधुनिक कालमा पाश्चात्य जगत्का महान् नाटककार शेक्सपियरका नाट्यशैलीलाई सफलतापूर्वक नेपाली नाट्य क्षेत्रमा प्रवेश गराई नाट्य जगत्मा युगान्तकारी परिवर्तन ल्याउने महान् नाटककार हुन बालकृष्ण सम" (पौड्याल, २०७१)। नाट्यसम्राट सेक्सपियरबाट प्रेरित भई १८ वर्षको उमेरदेखि नाटक लेखनमा सक्रिय बालकृष्ण सम (वि.स १९५९-२०३८) ले सामाजिक, ऐतिहासिक र पौराणिक तीनओटा क्षेत्रमा नाटक रचना गरेका छन्। "नेपाली साहित्यका बहुमुखी प्रतिभा बालकृष्ण सम आधुनिक नेपाली नाट्ययात्राको सिङ्गो युग हुन्" (भट्टराई र कँडेल, २०७८ पृ.२७)। वि.सं. १९८६ मा मुटुको व्यथा वियोगान्त नाटकका माध्यमबाट नेपाली नाट्य जगत्मा आधुनिकता भित्र्याउने काम गरेका उनले नाटकलाई नृत्य र गीतको कब्जाबाट मुक्त गराई चरित्राभिनय नाट्य लेखनको आरम्भ गरे। राष्ट्रप्रेम तथा मानवतावादका पक्षपाती समले लघुदेखि बृहत आकारसम्मका नाटक रचना गरेका छन्। परिष्कारयुक्त गद्यात्मक एवं पद्यात्मक भाषाको प्रयोग गर्ने समले द्वन्द्वप्रधान नाटक रचना गरेका छन्। पूर्वीय एवं पाश्चात्य नाट्य सिद्धान्तको समन्वय गरी दुःखान्त र सुखान्त दुवै थरीका नाटक रचना गर्ने उनी एक सशक्त प्रतिभा हुन्। दार्शनिक विचार व्यक्त गर्ने उनी नेपाली नाट्य जगतका सम्राट मानिन्छन्।

बालकृष्ण समको पाँचौ नाटक अन्धवेगमा पतिलाई परमेश्वर ठान्ने पुरातनवादी नेपाली समाजको सामाजिक मानसिकता बोकेका आदर्श बुहारीहरू आफ्ना चिरदमित कामेच्छाहरू दवाएर बस्न बाध्य भएका छन्। यी कामवासनायुक्त आवेग नियन्त्रण गर्न नसक्दा त्यसले कसरी जीवनलाई अँध्यारो गतिमा जाक्छ भन्ने विषयलाई नाटकले देखाएको छ। दुःखान्त नाट्यचेतनामा आधारित प्रस्तुत अन्धवेगमा मनुष्यभित्र दुर्गुणको कीरा पस्यो भने त्यसले कसरी जीवनलाई कुटुकुटु खाएर अन्तमा अँध्यारो गतीमा जाक्छ भन्ने तथ्य प्रस्तुत गरेको छ। जम्मा तीन भाग र चौध दृश्यमा

विभाजित अन्धवेग नाटक पहिलो भागमा पाँच दृश्य, दोस्रो भागमा चार र तेस्रो भागमा पाँच दृश्यमा विभाजित छ ।

**समस्या कथन**

साहित्यको एक महत्त्वपूर्ण श्रव्यदृश्य विधा हो । यसमा प्रयुक्त पात्रहरूको क्रियाकलापले दर्शकहरूमा प्रत्यक्ष प्रभाव पर्ने भएकाले पात्रहरूको क्रियाकलापलाई महत्त्वपूर्ण रूपमा हेरिन्छ । पात्रको प्रवृत्तिले नाटकको अन्तिम परिणति निर्धारण गर्दछ । दुःखान्त नाटक अन्धवेगमा धेरै पात्रहरू भएतापनि नायिका पम्फाको प्रमुख भूमिका रहेको छ । पम्फाको यौन चरित्रका कारण नाटक दुःखान्त बनेको छ । हाल हाम्रो समाजमा यस्ता घटनाहरू दैनिक देख्न र सुन्न सकिन्छ । यस्ता घटनाले ठुला ठुला दुर्घटना निम्त्याएका कारण पनि यो एक समस्या हो । त्यसैले यस्ता क्रियाकलापको कारण खोज्नु नै यसको मुख्य प्रयोजन रहेको छ । यो लेख आगामी दिनहरूमा यस्तै समस्याको अध्ययन गर्न सहयोगी माध्यम बन्ने ठहर छ । अध्ययन कार्य निम्न समस्यामा केन्द्रित छ :

१. अन्धवेग नाटकमा प्रयुक्त नारीपात्र पम्फाको क्रियाकलाप समाजको दृष्टिले कतिको उपयुक्त छ ?

२. यस्ता कियाकलापले समाजमा कस्ता समस्याहरू निम्त्याउँछन् ?

**उद्देश्यहरू**

प्रस्तुत लेखनकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

१. नाटकमा प्रयुक्त नायिका पम्फाको यौन चरित्र विश्लेषण गर्नु ।

२. यौन चरित्रका कारण समाजमा देखापर्न सक्ने परिणामको विश्लेषण गर्नु ।

**अध्ययनको सीमा**

प्रस्तुत लेख, अन्धवेग नाटकमा चित्रित नायिका पम्फाको यौन चाहनाको अवस्था के कस्तो छ ? उनीहरूले समाजमा आफ्ना इच्छा चाहना पूरा गर्दा के कस्ता समस्याहरू निम्तिएका छन् भन्ने विषयमा मात्र मुख्यरूपमा आधारित रही नाटकमा नारी आवेगको विश्लेषण गरिएको छ । यौनिकता जस्तो मनोवैज्ञानिक, गोपनीय र संवेदनशील विषयमा अनुभव प्राप्त सम्बन्धित मानिसहरूको मनोभावना बुझ्न प्रश्नोत्तर, अवलोकन नगरी पुस्तकालयीय विधिबाट मात्र प्राप्त तथ्य, तथ्याङ्कलाई

आधार बनाएर प्रस्तुत नाटकको अध्ययन र विश्लेषणमा मात्र केन्द्रीत भएर लेख तयार पारिनु यसको सीमा हो । दुःखान्त नाटक अन्धवेगमा नाटककी नायिका पम्फाका क्रियाकलापका विषयमा सीमित भएर अध्ययन गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा साहित्यिक रचनाभित्र नायिका पम्फाको यौन चरित्र विश्लेषण गर्न वर्णनात्मक विधिको उपयोग गरिएको छ । प्रस्तुत विषयमा सैद्धान्तिक आधारसम्बन्धी तथ्य, तथ्याङ्क सङ्कलन गर्न पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । अध्ययनलाई प्रभावकारी रूपमा सम्पन्न गर्न प्राथमिक स्रोतका रूपमा स्नातक तह प्रथम वर्षको नाटक, एकाङ्की र निबन्ध विषयअन्तर्गत समावेश गरिएको समको अन्धवेग नाटक र द्वितीयक स्रोतका रूपमा विभिन्न विद्वान्का पुस्तक, विषयसँग सम्बन्धित पत्रपत्रिकामा प्रकशित अनुसन्धानात्मक लेख, समीक्षा, साहित्य सिर्जना तथा समालोचनात्मक लेखहरू विश्लेषण गरिएको छ ।

अध्ययनमा नाटक दुःखान्त हुने मुख्य कारण खोजी गर्न पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । पुस्तकालय तथा अनलाइनको प्रयोग गरी तथ्य सङ्कलन गरिएको यस लेखको विश्लेषण नितान्त मौलिक तथा लेखकको व्यक्तिगत अध्ययनमा आधारित छ । यसमा आवश्यकतानुसार वर्णन, विश्लेषण तथा व्याख्यानात्मक पद्धति अपनाइएको छ ।

## नतिजा र छलफल

अध्ययनमा नाटक दुःखान्त हुने मुख्य कारण खोजी गर्न पुस्तकालयीय विधिको प्रयोग गरिएकाआधारमा निम्नानुसार छलफल तथा निस्कर्ष प्रस्तुत गरिएको छ :

### कथावस्तु

गरुडध्वजको घरनजिकै चोकमा भानु र चिन्ची खोल्दै गरेबाट नाटकको प्रारम्भ भएको छ । त्यसैबेला पम्फा चोलो खुकुलो सिलाएको भन्दै दमाईलाई गाली गर्दै टिमिक्क परेको चोलो बनाउन निर्देशन दिई नोकरलाई सो चोलो लिएर दमाईकहाँ पठाएकी छ । टिम्केचोलो चाहिने जातलाई यति राम्रो चोलो किन मिल्थ्यो भनेर दमाई पम्फाको आलोचना गर्न पुग्छ । यस सन्दर्भमा उल्लेख

गरिएको पङ्क्ति "दमाईं - म चोलो छेकेर काटिदिन्छु, तपाईं माड लाएर साहेबनीको आङमा टाँसिदिनोस्, अनि ठिक्क रसाएजस्तो भोइहाल्छ" (पृ. ७) ।

सन्ध्याकालमा गरुडध्वजले भानु र चिन्चीलाई माछाका विषयमा दन्त्यकथा सुनाउँदै गर्दा चेप्टेले गरुडध्वजकी फुपू ठुल्नानी र भाइ जयवीर आइपुगेको खबर ल्याएको छ । ढोका खोलेर फर्किंदा बत्तीको ढाकीमा लात्ती लागेर बात्ती पोखिएको छ । पम्फाको श्रम खेर गएकोमा गरुडध्वज दुःखी भएको छ । आठ वर्षपछि आइपुगेको जयवीरलाई चिन्न पम्फालाई हम्मे परेको छ । फुपूले मिनपचासको बिदामा छोरा जयवीरको विवाह गर्ने उद्देश्य रहेकाले काठमाडौं आएको र केटी हेरी मनपराएको कुरा बताएकी छ । पम्फाले पाहुनाको राम्रो सत्कार गरेकी छ ।

भोलिपल्ट बिहान जयवीर नुहाएर कौसीमा कपाल कोर्दा पम्फाले चिरदमित कामज्वाला निभाउने भरपर्दो साधनका रूपमा जयवीरलाई देखी बाल्यकालको प्रसङ्ग कोट्याउँदै डन्डीफोर निचोर्ने कार्य गरेकी छ । जयवीरलाई कस्ती केटी मन पर्छ भनी मन चोरेकी छ । गरुडध्वज र ठुल्नानी आएपछि चिया खाने कि भनी सोध्न आएको भनी कुरा छलेर भन्सातर्फ लागेकी छ । गरुडध्वज र ठूल्नानीले जयवीरको विवाहको चाँजोपाँजो मिलाउन दुलहीको घरमा जाने सल्लाह गरेका छन् ।

चेप्टे र मुगा किनमेल गरिने सामानको बारेमा चर्चा गर्दैगर्दा पम्फाले चिलिम फुटाएर हातमा लागेको सुर्तीको कस रगत आउनेगरी घोट्न थालेकी छ । यसको पछाडिको कारण जयवीरले तमाखु खाने मान्छेलाई घृणा गर्नु हो । यो घटनाले पम्फा बिस्तारै जयवीरप्रति आशक्ति हुँदै गएको प्रस्ट भएको छ । पम्फाले आफू जयवीरप्रति आकर्षित भएको, त्यसैले उसको विवाह हुन नदिने, जयवीरको विवाह भए आफू विष खाएर मर्ने कुरा गरेकी छ । यो सुनेर मुगाले पम्फालाई सम्झाएकी छ । जयवीर भाउजूको सुन्दरताप्रति आशक्त भएर केटीको चरित्रमा खोट लगाएर विवाह तोड्न पुगेको छ । यस प्रसङ्गमा उल्लेख गरिएको पङ्क्ति–ः

"जयवीर–(सबैले हेरिएको मुखले कष्टसाथ केही पछि) त्यो ठाँउमा त म बिहे गर्दिन् ।

ठूल्नानी–(झस्की टोलाएर) के चाला, किन ? हामीहरू गई हेरेको काम के लाग्यो त ?

जयवीर– हो, हेर्न त हेर्नुभो,

मुख हेर्नुभयो, जात भात हेर्नुभयो, अनि

कुल हेर्नुभयो, सारा देखिने जति हेर्नुभो,

तर बानी ?

गरुडध्वज- (धुरारीलाई नाकले देखाएर)

यहाँलाई बानीको पनि ज्ञान छ

हो, बानी मुख हेरेर थाहा पाइन्न मान्दछु,

परन्तु काखमा राखी आजसम्म पढाउने

यी बाजे- यो धुरारीमा हामी विश्वास गर्दछौ,

हामीले जसको बानी आजसम्म सँगै रही चिह्नयौं ।

ठुल्नानी- यल्लाई कसले आई के सुनायो ।

जयवीर- यही कुरा त्यहाँ त गिद्ध घुम्छन् रे" (पृ.३६-३७)।

पम्फाको जयवीरप्रति आकर्षण बढ्दै जाँदा ऊ मुर्छा पर्न थालेकी छ । जयवीरको साथी वैकुण्ठले जयवीर र पम्फाको प्रेम सम्बन्ध थाहाँ पाएको छ अनि जयवीरलाई त्यो प्रेम होइन बिनास हो भनेर सम्झाएको छ । अन्त्यमा धेरै प्रयत्न पछि जयवीरले पम्फाको वासनात्मक प्रेमबाट भाग्ने योजना बनाएको छ तर बैकुण्ठले समस्याको समाधान भागेर नभई डटेर गर्नुपर्छ भनी सम्झाएको छ ।

घरमा देवर नदेखेर पम्फा विरामी भएको बहाना बनाई एक्लै बसेकी छ । छोराछोरी लिन आउँदा गरुडध्वजसँगै हुदाँ पनि उसले आफूलाई अभागी ठानेकी छ । छोराछोरीको उपस्थिति पनि उसलाई दिग्दारी लाग्न थालेको छ । चेप्टे र मुगाबीच जयवीर र पम्फाका अप्राकृतिक सम्बन्धको विषयमा कुरा चलिरहेको हुन्छ त्यसैबेला धुरारी बाजेले सुटुक्क उनीहरूको कुरा सुनेको छ । मुगा धुरारीलाई देखेपछि डरले रुन थालेकी छ । आफूले कसैलाई पनि नबताउने भनी धुरारीले मुगालाई सम्झाएको छ । त्यसबेला पम्फा र गरुडध्वज पनि आइपुगेका छन् । डुल्न गएका जयवीर र वैकुण्ठ पनि आइपुगेका छन् ।

लामो प्रतिक्षा पछि जयवीर आएको देखी पम्फा प्रसन्न भएकी छे अनि सबैजना मिलेर गइनेको गीत सुनेका छन् । जयवीरले एकादशीको दिन वैकुण्ठको घर जाने योजना बनाएको छ । एकान्तको खोजीमा आतुर पम्फाले आफू पनि एकादशीमा पशुपति जाने निर्णय गरेकी छ । उक्त

कुरा थाहा पाएर जयवीरले तपाईं पछि दाइसँग जानु भनी सल्लाह दिएको छ। पम्फाले अर्को पल्ट जानु परे बाँसमा भ्रुन्डिएर मात्र हो भनी पशुपति जान जिद्दी गरेकी छ। पथभ्रष्ट भएकी पम्फाको जयवीरसँग अनैतिकसम्बन्ध रहेको कुरा बिस्तारै बिस्तारै नोकर्नी मुगा, गरुडध्वजको जजमान धुरारी, गरुडध्वजकी फुपू, ठुल्नानी, जयवीरको साथी वैकुण्ठ र गरुडध्वजले समेत चाल पाएका छन् अनि सबैले घृणा गरेका छन् तर पनि पम्फा लुकिछिपी जयवीरसँग लहसी रहेकी छ।

गरुडध्वजले पनि आफूलाई सन्च छैन पछि जानुपर्छ भनी पम्फालाई रोक्ने प्रयास गरेको छ। धुरारीबाट पम्फा र जयवीरको बारेमा सबै थाहा पाएको गुरुडध्वज मानसिक रूपमा विक्षिप्त भएको छ। पम्फाले तपाईंको आरोग्यताको कामना गरी भाकल भएकाले पशुपनि जाने भनी जिद्दी गरेकी छ। यस क्रममा गरुडध्वजले भनेको छ :

"गरुडध्वज- (एकछिन खोकेर) म बाँचुन्जेल प्रयोजन
केही छैन् तिमीलाई व्रत पूजा र पाठको,
पूजारिनी बनी नित्य बसौली म मरेपछि (पम्फाको नाडी समाती)...
यिनै हात तिमी भोलि भात खाई दह्रा गर,
आई बस यहींनेर, यहाँ पल्टीरहन्छु म
मेरो कपालमा औंला घुसारेर दली दली
सम्म पार हिजो आज यहां सिल्ली तरङ्ग छन्...
गरुडध्वज- म त चुमेर लत्रेको मैलो फूल भएँ भए
यी नयाँ कोपिलाको त राम्रो हेरविचार होस्।
तिम्रा एकादशी हुन् यी, सह्यार यिनको गर,
व्रत यै हो, यहाँभन्दा गृहस्थीको अरू व्रत ठूलो छैन कुनै" (पृ. ७३-७४)।

अन्त्यमा आफूले सम्झाउँदा पनि नमानेपछि गरुडध्वज सम्झाउने नाममा स्त्री पाउ नपर्ने निश्चयमा पुगेको छ। पम्फालाई शीतलमा बस्दै जानु, घाममा नहिड्नु भनी बिदा दिएको छ। पम्फालाई जोगाउन चाहने गरुडध्वज र जोगिन चाहने जयवीर दुवै पराजित भएका छन्।

पम्फालाई सिँगार्दै गरेकी मुगाले ज्वरो आएको छ भनी प्रश्न गर्दा आफूभित्र कामज्वाला दन्किएको अभिव्यक्ति पम्फाले दिएकी छ । अझ पम्फाले गोपिनीले कृष्णलाई गरेजस्तो माया आफूले जयवीरलाई गर्ने गरेको रहस्य बताउँदै सोतो कृष्ण हो जयवीर भनेकी छ । पशुपतिमा मुगा, देवर र भाउजू पुगेका छन् । एकान्तको खोजीमा पम्फाले मुगालाई गुह्येश्वरी दर्शन गर्न पठाएकी छ । एकान्त स्थानमा जयवीरको पाखुरा समातेर आफू मुर्छा पर्न आटेको बताउँदै वैकुण्ठको घर लग्न बाध्य परेकी छ । वैकुण्ठको घरमा पुगेपछि पम्फाले जयवीरलाई भित्र लगेर कोठाको चुकुल लगाएकी छ । जयवीरले ढोका खोल्न अनुरोध गर्दा उसलाई स्वास्नी मान्छेको संज्ञा दिँदै भनेकी छ :

“पम्फा- उसो भए यो त स्वास्नीमान्छे रैछ ।

जयवीर - अकर्तव्यसित डराउनु पुरुषत्व हो, पुरुषत्व मात्र होइन वीरत्व पनि हो ।

पम्फा - के अकर्तव्य ? कस्तो पापी मन !

जयवीर- के अकर्तव्य थाहा छैन- तपाईंसित बोल्नु, तपाईंसित हिँड्नु, तपाईंको मुख हेर्नु ।

पम्फा- (टोलाएर) भइहाल्यो, (टोह्लाइसकेर) अब के गर्ने सुर छ ?

जयवीर- देशतिर पढ्न जान्छु ।

पम्फा- अनि कैले फर्कने ?

जयवीर - कदाचित् यहाँ कैले पनि फर्कन्नँ, त्यस्तै संसार जलामय भयो र हिमालयको टाकुरी मात्रै बाँकी रह्यो भने फर्कुला” (पृ.८८) ।

पम्फाले आफ्नो कामज्वाला मत्थर नहुने देखेर झुन्डिएर मरे हुने गुनासो गरेकी छ । त्यही अवस्थामा गरुडध्वज हातमा खुकुरी लिएर ढोका फोडेर भित्र पसेको छ । दुवैजनाले आफू निर्दोष भएको कुरा व्यक्त गरेका छन् तर गरुडध्वजले जयवीरको हत्या गरेरै छाडेको छ । यसरी नाटकमा आफू निर्दोष हुँदाहुँदै पनि जयवीरले ज्यान गुमाउनु परेको छ भने पम्फाले आफ्नो गल्तीका लागि माफ मागेकी छ तर गरुडध्वजले उल्टै तलाईं छोए अपवित्र हुन्छु भनी घरतर्फ लागेको छ ।

घरमा सबैलाई घोडाबाट लडेको भनी गरुडध्वजले ढाटेको छ । दमाई, छोरीको विवाहका लागि खर्च माग्न आएको र उसलाई खर्च दिएर मुगालाई छोराछोरीको जिम्मा लगाई गरुडध्वजले

कोठामा पसेर विष सेवन गरेको छ । त्यतिकैमा पम्फा आइपुगेर गरुडध्वजले भनेको कुरा स्मरण गराउन खोज्दै माफ मागेकी छ । ढोका नखुलेपछि ऊ ढोकामाथि चढेर भित्र नियाल्दा श्रीमान्को मृत अवस्था देखेर उसको हात खुस्केको छ र ऊ लडेर मरेकी छ अनि नाटक समाप्त भएको छ ।

**पम्फा**

अन्धवेग नाटककी नायिका २८ वर्षे पम्फा दुई सन्तान भानु र चिन्चीकी आमा, गरुडध्वजकी पत्नी र नाटककी केन्द्रीय चरित्र हो । पतिप्रति देवतुल्य श्रद्धा हुँदाहुँदै तथा पतिबाट यथेष्ट माया पाएको कुरा स्वीकार गर्दागर्दै पनि ऊ पतिको प्रेमिका बन्न नसकेकी नारी पात्र हो । पम्फाको असाधारण सौन्दर्यता कै कारण गरुडध्वजसँग उसको विवाह भएको र पम्फामा पनि रूप र सम्पन्नताको दम्भ रहेको कुरा नाटकमा व्यक्त गरिएको छ । बोली, वचन र व्यवहारले उदार स्वभावकी पम्फा १९ वर्षीय देवर जयवीरसँग भेट भएपछि कामवासना पूरा गर्ने भरपर्दो स्रोत ठान्न पुगेकी छ । गरुडध्वजबाट अतृप्त यौनेच्छा शान्त पार्न गरुडध्वज बिरामी भएको अवस्थामा समेत चेप्टेले हेरिहाल्छ भनी देवरका साथ एकान्त स्थलको खोजीमा पशुपतितर्फ लागेकाले उ पतिव्रता नारी हो भन्न सकिन्न ।

पम्फामा पनि परिवार विघटनको नारामा जोड दिने विश्वभरिका नारीवादीहरूले जस्तै यौन आचरणलाई हल्कारूपमा लिएको र यौन स्वतन्त्रताको प्रभाव परेको देखिन्छ । भण्डारी, (२०७६) का अनुसार क्लारा जेटकिन र अलेक्जान्ड्रा कालन्तोइले यौन प्यासलाई एक गिलास पानीको प्यासको सिद्धान्तका रूपमा परिभाषा गरेका थिए । यस प्रकारको सोचाइले प्रकारान्तरमा निसन्देह परिवार विघटनको माग गर्दथ्यो । पम्फा देवरप्रति आशक्ति भएको सन्दर्भले पनि गरुडध्वजको पारिवारिक विघटनको सङ्केत पम्फाको चरित्रबाट प्रस्ट हुन्छ । पम्फा देवरप्रति आशक्ति भएको कुरा नाटकमा यसरी उल्लेख भएको छ :

"मुगा : छि : हजुरलाई त जाडो पनि हुँदैरैनछ । ताँतो छ नि गर्धन पनि, जरो आको पो छ कि !

पम्फा : छैन, यस्तै केही,म भित्र आगो छ ।

मुगा : त्यस्तो आगो सबैको हुन्छ, निभाउन सक्ने पो सक्ने !

पम्फा : मलाई जुन दिन जलाउला उसै दिन आफै निभ्ला” (पृ.७८) !

आफ्नो आकाङ्क्षा पूरा गर्न ढाट्छलसमेत गर्ने पम्फा कै कारण नाटक दुःखान्त बन्न पुगेको छ । कामवासनामा अन्धो बनेकी पम्फाले देवरलाई आफू बिरामी भएको भनी ढाँटेर देवरको साथी वैकुण्ठको घरमा लग्न बाध्य पारेकी छ । आराम गर्ने भनी साथीको घरमा लग्नु, कोठाभित्र लगेर चुकुल लगाउनुले पनि पम्फा सामाजिक, धार्मिक, साँस्कृतिक तथा पारिवारिक मर्यादाको उल्लङ्घन गर्ने असत् पात्र भन्न सकिन्छ । पम्फा वासनात्मक प्रेममा पागल बनेकै कारण नाटक दुःखान्त बनेकाले उसलाई प्रतिकूल चरित्र भन्न सकिन्छ । जयवीरको हत्या भएपछि त्यो घटनालाई आत्महत्यामा परिणत गर्ने र आफू पतिको दासी भएर बस्ने, त्यसो नभए आफै जेल जाने कुरा व्यक्त गर्नुले पनि ऊ गतिशील चरित्र हो । समग्रमा हेर्दा नाटक दुःखान्त बन्नुमा पम्फाको यौनप्रतिको अन्धो आवेग नै प्रमुख हो भन्न सकिन्छ । शारीरिक त्रुटि नगरेपनि मानसिक रूपमा ऊ भ्रष्ट भएकी छे ।

**यौन मनोविज्ञानका दृष्टिमा अन्धवेग**

मानिसको मनको विश्लेषण गरी भित्री यथार्थलाई प्रकाशमा ल्याउने कार्य मनोविज्ञान हो भने यौनसँग सम्बन्धित मानिसका अवचेतन मनका  क्रियाकलापलाई साहित्यको विभिन्न बिम्ब र प्रतीकका माध्यमबाट प्रकाशमा ल्याउने काम यौन मनोविज्ञान  हो । यस नाटकमा यौन मनोविज्ञान सशक्तरूपमा नाटकमा आएको पाइन्छ । विभिन्न बिम्ब र प्रतीकको उपयोग गरी यौनिक विषयलाई नाटकमा उठान गरिएको छ । “फ्रायडकाअनुसार अचेतनका दमित इच्छा यौनसम्बन्धी नै हुन्छन” ( गौतम, २०५०) । नाटककार बालकृष्ण समको अन्धवेग नाटकमा  पम्फामा यौनेच्छा  सबल बनेर आएको देख्न सकिन्छ । नायिका पम्फाको अचेतनामा रहेको यौन चाहनाको व्यग्र प्रस्तुति गर्दै यौनिक मानसिकताको जीवन्त चित्र यहाँ उतारिएको छ । दुई सन्तानकी आमा पम्फाले आफ्नो लोग्ने घरमा हुँदाहुँदै भान्जा देवरसँग यौन आनन्द प्राप्त गर्न खोज्नु अचेतन उद्घाटन तथा अपराध मनोविज्ञान हो भन्न सकिन्छ ।

अन्धवेग नाटक कामवासना तृप्तिमा आधारित एक दुःखान्त नाटक हो । यसमा केन्द्रीय पात्र पम्फाको अतृप्त कामेच्छाको मानसिक द्वन्द्व पाइन्छ । मनोवैज्ञानिक यस नाटकमा पम्फाभित्र गुम्सिएर

रहेको यौनान्धवेग तीव्र हुँदै जाँदा त्यसको वासनामूलक आवेग सहन नसकी त्यसले विनाश निम्त्याएको छ । यहाँ पम्फाको यौन चाहना पूरा गर्ने अन्धो आवेग नै नाटकलाई दुःखान्त बनाउने मूल कारण बनेको छ ।

यौन इच्छा र विपरीत लिङ्गीप्रतिको आकर्षण मानिसका लागि स्वाभाविक तथा एक प्राकृतिक चाहना हो । फ्रायडवादी मनोवैज्ञानिकहरूका अनुसार मानिसहरू विपरीत लिङ्गप्रति आकर्षित हुन्छन् । हाम्रो समाजमा लौङ्गिक असमानता, महिलाहरूको पारिवारिक दायित्व, सामाजिक संरचना, नैतिक बन्धन रहेको पाइन्छ । त्यसका बाबजुद पनि हामो समाजमा धेरै नारी पुरुषले यौन आनन्द प्राप्त गर्न त्यस्ता सम्पूर्ण पर्खाल भत्काउने गरेका घटना दैनिक देख्न र सुन्न सकिन्छ । यौनिक विषय सही समाधान नभएमा समस्या निम्त्याउन सक्छ ।

पुरुषप्रधान हाम्रो समाजमा परापूर्व कालदेखि नै बहुविवाहको प्रचलन थियो । त्यो पनि अतृप्त यौनेच्छा नै हो भन्न सकिन्छ । त्यसबेला यौन चाहना पुरुषले मात्र व्यक्त गर्थे । महिलाले अनेकौं बन्धन पार गर्नुपर्ने भएकाले यौन कुण्ठा दबाउन बाध्य हुन्थे । ब्रुयल (सन् १९९१) को मनोविश्लेषणात्मक खोजमा भनिएको छः "महिलाहरू विपरीत लिङ्गीबाट बढी हेरविचार र संरक्षण खोजिरहेका हुन्छन्" । नारीहरू घरभित्र सीमित भएकाले उनीहरूको सम्बन्ध पनि सीमित थियो, त्यसैले पम्फाले पनि घरमा पाहुना आएको देवरबाट आफ्नो आवेग पूरा गर्ने योजना बनाई देवरलाई एकान्तमा लागेकी छे ।

फ्रायड (सन् १९३१) का अनुसार "महिलाहरू युवावस्थादेखि यौन क्रियाकलापमा सहभागी हुन्छन् । ३० को दशकमा उत्कर्षमा पुग्छन र ५५ को दशकसम्म यौनिक क्षमता रहेको देखिन्छ" (पृ.२९७) । यसरी हेर्दा पम्फाले अनुभव गरेको द्वन्द्व अतृप्त काम वासनाको कारणले उत्पन्न भएको हो । पम्फा आफ्नो सामान्य यौन आवेगलाई व्यवस्थित गर्न असफल भएकै कारण ऊ पीडित छे । आफ्नो वैवाहिक जीवनबाट असन्तुष्ट हुनु वा शारीरिक सन्तुष्टि पूर्ण प्राप्त गर्न नसक्नु पनि नाटक दुःखान्त बन्ने मूल कारण हो ।

नाटकमा मान्छेको अचेतन यौन अवस्थाको प्रस्तुतिसँगै त्यसले निम्त्याएको दुर्घटना र पीडाको अवस्था प्रयोग गरिएको छ । त्यो समयमा घरपरिवारमा सीमित रहेको सम्बन्ध आज

विश्वव्यापीकरणको कारण बिस्तारै समाजमा बढ्दै गएको पाइन्छ । त्यसकै परिणामस्वरूप अन्धवेग नाटककी नायिका पम्फा सम्पूर्ण सुखसयल, घरपारिवार त्यागेर यौन आनन्दका निम्ति देवरसँग वैकुण्ठको घरमा गएकी छे । त्यो पनि यौन तृप्तिकै निम्ति हो भन्न सकिन्छ । नाटकमा पम्फाको दमित यौन चाहनाको कारण जयवीर मारिएको छ । गरुडध्वजले आत्महत्या गरेको छ भने पम्फा पनि मर्न पुगेकी छे ।

## नारीवादी चिन्तन

नारीवादी चिन्तनको विषय ग्रीसका प्राचीन दार्शनिक प्लेटोको पुस्तक 'रिपब्लिक' मा महिलाको अधिकारका विषयमा वकालत गरेबाट सुरू भएको देखिन्छ । त्यस्तै सन् १७७५ देखि १७८३ सम्मको अमेरिकी क्रान्तिको कालमा त्यहाँको संविधान निर्माणको सिलसिलामा महिलाको स्वतन्त्रताको मागलाई संविधानमा समावेश गर्नुपर्छ भन्ने आवाज उठेको  पाइन्छ ।

खरेल (२०७६) का अनुसार, सन् १७८९ को फ्रेन्च क्रान्तिको समयमा पनि महिलाले विश्वका महिलाको पहिलो सङ्गठनका रूपमा“क्रान्तिकारी महिला क्लब” गठन गरेका र महिलाले पाउनुपर्ने मतदानको अधिकारबाहेक समान कामको समान ज्याला लागु गर्ने मजदुर महिलाको कामको घण्टा कम गर्ने, ज्यालावृद्धि गर्ने, कामको अवस्थामा सुधार गर्ने, विवाह र सम्बन्ध विच्छेदको कुरा जोडदार रूपमा उठाएका  थिए ।

अन्तर्राष्ट्रिय  महिला मुक्ति आन्दोलनकी अगुवा क्लारा जेटकिन महिला मुक्तिको आवाज लिएर आन्दोलनमा आए पश्चात पश्चिममा विकसित नारी स्वतन्त्रता र अधिकारसम्बन्धी आन्दोलनसँगै साहित्यमा स्थापित नारीवादी चिन्तन नेपाली साहित्यमा पनि भित्रिएको पाइन्छ । प्रारम्भमा नारीवादी साहित्यमा आफ्ना वैयक्तिक अनुभव अनुभूतिलाई साहित्यको विषय बनाइए पनि पछिल्लो समयमा समसामयिक युगबोध, प्रगतिवादी दृष्टिकोण, पितृसत्तात्मक मूल्यप्रति विद्रोह, लैङ्गिक विभेदप्रतिको आक्रोश, पहिचानको खोजी हुँदै यौन अधिकारसम्मका विषयलाई साहित्यमा व्यक्त गरिएको पाइन्छ ।

मसान नाटकमा लैङ्गिक उत्पीडन र प्रतिरोध गुरागाईं (२०८०) द्वारा लिखित लेखमा पितृसत्तात्मक सामाजिक परिवेशमा स्थापित पुरातन संस्कृतिभित्र नारीहरूको उत्पीडन र त्यसका

विरुद्धको प्रतिरोधी चेतना सशक्त रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । लैङ्गिकतासम्बन्धी सैद्धान्तिक मान्यतामा आधारित उक्त लेखमा नारीमाथिको उत्पीडन र त्यसका विरुद्ध नारीहरूले गरेको प्रतिकारलाई निरूपण गरिएको छ । नारीवादी चिन्तनले साहित्यमा नारीलाई केन्द्रमा राखेर हेर्छ अनि त्यहाँ उनीहरूलाई दिइएको भूमिकाको खोजी गर्दछ । बालकृष्ण समको अन्धवेग नाटकमा पनि पम्फालाई नै केन्द्रमा राखेको पाइन्छ । नाटकको प्रारम्भदेखि अन्त्यसम्म नै पम्फाको उपस्थिति रहेको पाइन्छ । नाटकको प्रमुख भूमिकामा रहेकी पम्फाको सेरोफेरोमा नाटक अगाडि बढेको छ भने अन्त्य पनि पम्फाकै कारण भएको छ । पम्फाको यौन मानसिकतालाई यहाँ विषयवस्तु बनाएको पाइन्छ । आफ्नो चाहना पूर्ण नहुँदा पम्फामा देखिएको मानसिक उत्पीडन, त्यसका निम्ति उसले गरेको सङ्घर्ष, पति बिरामी हुँदाहुँदै पनि देवरसँग जान गरेको विद्रोहले यो नाटकमा नारीवादी चिन्तनको अभिव्यक्ति पाइन्छ ।

नारी विद्रोहको कसीमा मसान नाटक तामाङ (२०८०) द्वारा लिखित अनुसन्धानमूलक लेखमा गोपालप्रसाद रिमालद्वारा लिखित मसान नाटकमा प्रयोग भएका नारी पात्रहरूको भूमिका र अवस्थाको विश्लेषण गरिएको छ । पितृसत्ताका कारण समाजका नारीले भोग्नुपरेको उत्पीडन र पुरुष हैकमको विपरीत समाज सुधार्नु पर्ने चाहना व्यक्त गरिएको छ । पुरुष सत्तात्मक समाजले निर्माण गरेका यौन नैतिकताका मापदण्डहरू पुरुषका निम्ति निकै खुकुला भए पनि नारीका लागि यो एक कठिन कार्य मानिन्छ । पत्नी अनुर्वर भएमा वा  पत्नीबाट यौनेच्छा पूरा नभएमा दोस्रो विवाह गर्ने अवसर छ तर पति अनुर्वर भए नारी समस्यामा पर्छे ।

नारीवादी साहित्यमा नारीको अस्तित्वलाई पुरुषसँग जोडेर मात्र स्वीकार गरिने परम्परागत मान्यताप्रति विद्रोह गरिएको हुन्छ अर्थात पुरुष सत्ताको विरोध गरिएको पाइन्छ । घरका सम्पूर्ण महिला सदस्य पुरुषको अधिनमा रहेर उनीहरूको इच्छा अनुरूप चल्ने परम्परागत मान्यताको विरोध पाइन्छ । तीन घुम्तीमा पीताम्बर जेल परेको केही दिनमै इन्द्रमायाले रमेशसँग अनैतिक सम्बन्ध स्थापना गर्नु, सुम्निमा उपन्यासमा पुरातनवादी ब्राम्हण समुदायमा जन्मिएकी पुलोमाले यौन सुखमा पापको धारणालाई अस्वीकार गर्दै भिल्ला केटाको मधुर सम्झनामा उनी गोप्य रूपमा खुसी हुनु जस्ता घटनाले पुरुष सत्ताको विरोध गरिएको पाइन्छ । अन्धवेग नाटकमा पनि यो परम्परागत

मान्यताको विरोध गरी पम्फाले लोग्नेले गाइनेको गीत सुन्न गरेको आग्रह अस्वीकार गर्नु, पशुपति नजाउ भन्दा नमानेर जानु जस्ता क्रियाकलापले पनि यो नाटकमा नरीवादी चिन्तनको अभिव्यक्ति पाइन्छ ।

सुलोचना महाकाव्यका नारिपात्रहरूको सङ्क्षिप्त अध्ययन, दाहाल (सन् २०१२) द्वारा लिखित शोधपत्रमा लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित सुलोचना महाकाव्यका नारीपात्रहरूको अवस्थालाई वर्णनात्मक विधिबाट विश्लेषण गरिएको छ । यहाँका प्रायः नारीपात्रहरू सङ्क्रमणकालीन युगको सिकार बनेको प्रसङ्गलाई देखाइएको छ तर नारीवादी साहित्यमा पितृसत्तात्मक समाजमा महिलाका लागि बनाइएका निश्चित घेराहरू तोडी पुरुषसरह हक अधिकार प्राप्त गरिएको पाइन्छ । नारीहरूमा पनि पुरुषसरह स्वतन्त्र आफ्ना इच्छा चाहना व्यक्त गर्ने र आफ्ना हक अधिकार प्राप्त गर्न सङ्घर्ष गर्ने विद्रोही भावना पाइन्छ ।

महिलाको मानव अधिकारभित्र यौन तथा प्रजनन स्वास्थ्य लगायत आफ्नो यौनिकतासम्बन्धी विषयवस्तुहरूमा नियन्त्रण र विना करकाप, विभेद र हिंसारहित रूपमा आफ्नो स्वतन्त्र निर्णय र जिम्मेवारी प्राप्त गर्ने अधिकारसमेत समेटिएको हुन्छ । त्यस्तै यौनसम्बन्ध र प्रजनन स्वास्थ्य सम्बन्धी विषयमा महिला र पुरुषहरूबीच समान रूपमा आफ्नो शरीरको अनतिक्रम्यताको अधिकार प्राप्त गर्ने र एक अर्का बीचको आत्मियताको सम्मान गर्ने तथा यौन व्यवहार र यसको परिणाममा दुवै पक्षको समान सहमति र उत्तरदायित्व स्थापित गरिनु पर्दछ" (महिला, कानुन र विकास मञ्च, २०६६,पृ.३) ।

अन्धवेग नाटकमा पनि पम्फाले तत्कालिन समाजलाई प्रवाह नगरी टिम्के चेली लगाउनु, देवरले मन पराउँदैनन भनी तमाखु नखाएको कुरा मुगालाई सुनाउनु र हातको कस घोटेर फ्याल्नु, देवरसँग जान विद्रोह गर्नु, देवरले ढोका नलगाउनु भन्दा पनि तपाईं त स्वास्नी मान्छे भनेर आफ्नो द्रमित इच्छा पूरा गर्ने प्रयत्न गर्नुले पनि यो नाटक नारीवादी चिन्तनले पूर्ण छ भन्न सकिन्छ ।

नारीवादी साहित्यमा पुरुषसँग आबद्ध भएर मात्र नारी पूर्ण हुन्छे भन्ने पुरातनवादी मान्यताको विरुद्ध नारी स्वयम् सिङ्गो अस्तित्व हो । समाजका हरेक क्षेत्रमा नारीहरूले आफ्नो छुट्टै पहिचान बनाउनुपर्छ भन्ने मान्यता पाइन्छ । नारीहरूले राज्यद्वारा गरिएको प्रशासनिक एवम् कानुनी विभेद विरुद्ध सङ्घर्ष गरेर सम्मान प्राप्त गरेका छन् । महिलाको क्षमता, बौद्धिकता, व्यक्तित्वलाई बेवास्ता

गरी उसलाई नाम, थर, पारिवारिक पृष्ठभूमि र त्यसभित्रका आबद्धताको आधारमा हेरिने परम्पराप्रति नारीवादले विद्रोह गरेर आफ्नै अस्तित्व र पहिचानको खोजी गर्छ । समको अन्धवेग नाटकमा तत्कालिन समाजमा त्यो चेतना नआएकोले पम्फाले यौन चाहना पूरा गर्न मात्र विद्रोह गरेकी छे । आफ्नो अस्तित्व र पहिचानको लागि कुनैपनि सङ्घर्ष गरेकी पाइदैन ।

हाम्रो पुरुषप्रधान समाजमा विभिन्न खालका विभेदका रेखाहरूले महिलालाई स्वतन्त्र हुन नदिएको अवस्था एकतिर रहेको छ भने अर्कोतिर महिला स्वयम्मा पनि अस्तित्वबोध नहुनु अर्को समस्या रहेको छ । यी दुवै कारणबाट महिलाको आफ्नो पहिचान स्थापित हुन नसकेको हो । नारीले आफूभित्र रहेको क्षमतालाई पहिचान गरेर आफूलाई अगाडि बढ्न नदिने तत्त्वसँग जुध्न अग्रसर हुने हो भने महिलाहरूको आफ्नो पहिचान बन्न पुग्छ । हाम्रो समाजमा कतिपय महिलाहरूले आफ्नो अधिकार यौनमा मात्र प्रयोग गरेको पाइन्छ । अझ पनि सबै क्षेत्रमा पुरुषसरह नारीहरूले आफ्नो हक र अधिकार प्राप्त गर्न सकेको देखिदैन । समको अन्धवेग नाटकमा नारीवादी दृष्टिकोण पाइए पनि यौनिक विषयमा मात्र सीमित रहेको छ । अन्य प्रशासन, राजनीति र सामाजिक क्षेत्रमा यसको प्रयोग गरिएको देखिदैन ।

**दुःखान्तीय नाट्य चेतनाका आधारमा अन्धवेग**

पश्चिमी देन मानिएको दुःखान्त नाट्यचिन्तनको आरम्भ गर्ने श्रेय ग्रिकलाई दिइन्छ । इस्वी (१५५८-१६०९) मा इङ्गल्याण्डमा टमस क्रिड, क्रिस्टोफर मार्लो आदि दुःखान्तकारहरूले उल्लेखनीय योगदान दिएका भएपनि सेक्सपियर नै सर्वोच्च दुःखान्त नाटककार रहेका छन् (उपाध्याय; २०६६) ।

सेक्सपियर (सन् १९७१) का अनुसार, दुःखान्त जगत्मा मानिसमा निहित परस्पर विरोधी प्रवृत्ति, आवेग, सिद्धान्त, विचारको टकराहटबाट द्वन्द्व हुन्छ र द्वन्द्वमा नायक आफ्नै मनमा अवस्थित सत् र असत्का साथ द्वन्द्व गर्दछ र आफूलाई जोगाउन खोज्दाखोज्दै आफूभन्दा ठुलो शक्तिका सामु विवश भएर दुःखान्त वरण गर्छ । सेक्सपियरले भनेका छन् प्रत्येक नायकमा मनोद्वन्द्व विद्यमान छ र यही मनोद्वन्द्वले अन्त्यमा नाटक मारकाट, हत्या र आत्महत्यामा परिणत भई दुःखान्त बन्छ ।

स्केन्डिनेवियाली मुलुक नोर्वेका नाटककार हेनरिक इब्सेनले आफ्नो पुस्तक ड्रामा अफ इब्सेन एन्ड स्ट्रिन्डवर्ग (सन् १९६१) मा वंश परम्परा र वातवारणबाट निहित दोषबाट मानव चरित्र नै

दोषपूर्ण हुन गए मानवीय जीवनमा दुःखान्त ल्याउँछ साथै समयानुसार परिवर्तन हुन नसक्ने परम्परागत धार्मिक, नैतिक आदर्शले पनि मानवीय जीवन दुःखान्त बन्ने र त्यसैलाई नाटकमा प्रस्तुत गरिन्छ भनेका छन् ।

बालकृष्ण सम (२०२७) द्वारा लिखित तानसेनको झरीमा शोभन, निर्मला र पवनको त्रिकोणात्मक द्वन्द्वबाट नाटक अगाडि बढेको छ । नाटकमा नायक शोभनका निम्ति दुःखान्तीय परिस्थितिको निर्माण उसका पिताबाटै भएको छ । एउटै बाबुका सन्तान भएर पनि वैध सन्तान हुनाले शोभनले पैतृक अधिकार प्राप्त गरेको छ तर पवन अवैध दाजु भएकाले पैतृक सम्पत्ति प्राप्त गरेको छैन । भाइको रूप, स्वास्थ्य, धन र प्रतिष्ठा देखेर पवनमा प्रतिशोधको भावना जागृत हुन्छ । त्यसैले सच्चा मित्रताको नाटक गरी पवनले शोभन र निर्मलाको बिछोड गराइदिन्छ । लामो समयपछि अन्त्यमा निर्मला र शोभनको मिलन भएपछि घरमा आगो लगाई उनीहरू रहेको कोठामा बहिरबाट ढोका बन्द गरी भाग्छ । शोभन र निर्मलाको बाहिर निस्कने प्रयास असफल हुन्छ । यसरी नाटक दुःखान्त बनेको छ ।

बालकृष्ण सम (१९८६) द्वारा लिखित 'मुटुको व्यथा' मा माधवको कोपिलाप्रतिको प्रेम, कोपिलाको शनकप्रतिको प्रेम र विवाह अनि शनकले भारतीलाई गरेको त्रिकोणात्मक प्रेम नै नाटक दुःखान्त बन्ने कारण बनेको छ । माधवमा कोपिलाको अतिशय प्रेम घातक भएर मृत्युको मुखमा पुगेको छ भने कोपिला आफ्नो लोग्नेले भारतीसँग गरेको प्रेमक्रीडा, ठुली र माधवको मृत्युको खबरले मुटु फुटेर मरेकी छे । भारती वेश्या हो भन्ने थाहाँ पाएको केशव कोपिलाको मृत्युले अन्त्यमा आत्महत्या गर्न पुगेको छ । यसरी नाटक दुःखान्त बनेको पाइन्छ ।

बालकृष्ण सम (२०३२) द्वारा लिखित 'भीमसेनको अन्त्य' नाटक ऐतिहासिक घटनामा आधारित एक दुःखान्त नाटक हो । यस नाटकमा भीमसेन थापाले आफ्नो जीवनका अन्तिम कालमा भोग्नुपरेको दुःखलाई प्रस्तुत गरिएको छ । श्री ५ रणबहादुर शाहको राज्यकालको अन्तिम समयमा प्रधानमन्त्री बनेका थापाले लगभग तेत्तीस वर्ष त्यस पदमा आसीन रहे । दामोदर पाण्डेका छोरा रणजङ्ग पाण्डेको प्रतिशोधी भावना र श्री ५ साम्राज्यलक्ष्मीको षड्यन्त्रमा श्री ५ कान्छा राजकुमार देवेन्द्रको कालगतिले भएको मृत्युलाई कीर्ते कागत खडा गरेर हत्याराको आरोप लगाई भीमसेन

थापालाई कैद गरिएको र कैदी अवस्थामा भीमसेन थापालाई भोलि उनकी कान्छी मुखिनीलाई नाङ्गो पारी उभ्याएर तिलङ्गाहरूलाई भण्डार दिइने र त्यो दृश्य भीमसेन थापालाई देखाउने जाली कुरा उनलाई सुनाइन्छ । यो खबरले भीमसेन थापाले आत्महत्या गर्छन् र नाटक दुःखान्त बन्न पुग्छ ।

ग्रीकमा दुःखान्त नाट्य परम्परालाई सोह्रौं शताब्दीमा उचाइमा पुऱ्याउने काम शेक्सपियरबाट भएको पाइन्छ । यही पाश्चात्य नाट्यशास्त्रीहरूको दुःखान्त नाट्यचेतनालाई आत्मसाथ गर्ने नाटककार बालकृष्ण सम हुन् । समद्वारा लिखत अन्धवेग नाटकलाई शेक्सपियरको दुःखान्त नाट्य सिद्धान्तसँग तुलनात्मक रूपमा प्रस्तुत गर्ने प्रयत्न गरिएको छ :

१. दुःखान्त नाटकमा दुःखान्तीय कार्यव्यापारको अन्विति आवश्यक भए पनि स्थान र समयको अन्विति अनिवार्य मानिदैन । अन्धवेग नाटकमा पनि दुःखान्तीय कार्यव्यापारको अन्विति रहेको तर स्थान र समयको अन्विति पाइदैन ।

२. दुःखान्त नाटकमा त्रासदी जन्माउने खालको कार्यव्यापार आवश्यक पर्छ तर हास्यव्यङ्ग्यको प्रयोग गर्न छुट छ । अन्धवेग नाटकमा पनि गरुडध्वजले जयवीरको हत्या गरेको घटना त्रासदी जन्माउने खालको कार्यव्यापार हो भने घरमा आएर गरुडध्वजले आत्महत्या गरेको घटनालाई पनि त्रासदी उत्पन्न गर्ने घटनाको रूपमा लिइएको छ । गरुडध्वजले ढोका नखोले पछि हेर्न चढेकी पम्फाको लडेर मृत्यु भएको छ । यी सबै दुर्घटनाले दर्शकलाई त्रासदी उत्पन्न गराउने कार्यव्यापार भएको छ । अकौतिर मुगा र चेप्टेबीच हाँसो ठट्टा समेत रहेको पाइन्छ । त्यसैले नाटकमा उल्लिखित प्रवृत्ति पाउन सकिन्छ ।

३. दुःखान्त नाटकमा मृत्यु अनिवार्य छ । अन्धवेग नाटकमा पनि गरुडध्वज, पम्फा र जयवीर तीनै जना मुख्य पात्रहरूको मृत्यु भएको छ ।

४. दुःखान्त नाटकमा पात्रहरूको कालगतिले भन्दा पनि सानातिना तर गम्भीर कमजोरीका कारण मृत्यु हुन्छ । अन्धवेग नाटकमा पनि पम्फाको अतृप्त यौन चाहना पूरा गर्ने धोका र जयवीरको अपरिपक्क स्वभाव अनि गरुडध्वजको निरीह गैरजिम्मेवार प्रवृत्ति नै पम्फा, गरुडध्वज र जयवीरको मृत्युको कारण बनेको छ । जयवीरको गरुडध्वजले हत्या गरेको छ भने गरुडध्वजले विष खाएर आत्महत्या गरेको छ । आफ्नो कम्जोरीको कारण सम्पूर्ण दुर्घटना भएकाले माफ माग्न घर

पुगेकी पम्फा गरुडध्वजले ढोका नखोले पछि माथि चढेर हेर्दा गरुडध्वजले आत्महत्या गरेको देखेर उसको हात खुस्किन्छ र ऊ लडेर मरेकी छे । यस नाटक कालगतिले नभएर पम्फाको कमजोरीका कारण दुःखान्त बनेको छ ।

५. नाटकमा जुनसुकै स्तर वा वर्गका पात्र भए पनि दुःखान्त नाटकका पात्रहरूमा घातक चारित्रिक कमजोरी हुन्छ । अन्धवेग नाटकमा पनि उच्च वर्गीय परिवारकी पम्फामा रहेको तीव्र कामवासना, गरुडध्वजमा रहेको हिनताबोध नै पात्रहरूको चारित्रिक कमजोरी बनेका छन् ।

६. पाठकहरूको मनमा त्रासद भावलाई चरमोत्कर्षमा पुर्‍याउनु पनि दुःखान्त नाटकको उद्देश्य हो । दर्शकहरूको मनमा करुण भाव जगाई परिस्थितिको अनुमान गर्नु यस्ता दुःखान्त नाटकको विशेषता हो । अन्धवेग नाटकमा पनि पम्फाको देवरप्रतिको अनौतिक मानसिक सम्बन्ध नै नाटकलाई त्रासद अवस्थामा पुर्‍याउने कारण बनेको छ ।

७ . दुःखान्त नाटकमा व्यक्तिको स्वतन्त्र इच्छा र नियतिबिच तथा व्यक्तिका चाहना र परिस्थिति वा वातावरणबीचको द्वन्द्वबाट दुःखान्त सिर्जना हुन्छ । यहाँ नाटककारले जबर्जस्ती त्यस्तो परिवेश सिर्जना नगरी कथानकको विकासबाट नै नाटक दुःखान्तमा पुग्ने पारिस्थिति सिर्जना हुन्छ । यहाँ व्यक्तिका इच्छा चाहनाहरू नियतिसँग ठोक्किन पुग्छन जसको परिणामस्वरूप नाटक दुःखान्त बन्न पुग्छ ।

अन्धवेग नाटकमा पनि गरुडध्वजबाट यौन सन्तृष्टि नपाएकी पम्फालाई नियतिको रूपमा जयवीर घरमा आइपुग्छ । जयवीरबाट आफ्नो अतृप्त यौनेच्छा पूर्ण गर्न पम्फाले चालेका कदमहरू नै नाटक दुःखान्त बन्ने मुख्य कारण हो भन्न सकिन्छ ।

## निष्कर्ष

पितृसत्तात्मक संरचनाले गर्दा महिलाहरू आफ्ना इच्छा चाहनाहरू बेवास्ता गर्न बाध्य भएको परिवेश नाटकमा देखिएको छ । यौन इच्छालाई प्राकृतिक र अपरिहार्य मान्दै यौन इच्छाको स्वस्थ अभिव्यक्ति समाजको सुधार गर्न र व्यक्तिगत स्वतन्त्रताका लागि आवश्यक छ तर कतिपय महिला र पुरुषहरूमा वैवाहिक जीवनमा शारीरिक तथा भावनात्मक सन्तुष्टि नपाउँदा बाहिरी महिला वा पुरुषसँग यौन इच्छाको विकास हुन्छ । त्यसको परिणामस्वरूप पारिवारिक सम्बन्ध बिग्रन्छ, नैतिक

आचारणसमेत गुम्न पुग्छ र सामाजिक बन्धनहरू तोडिन्छन् । कतिपय अवस्थामा ठुला ठुला दुर्घटनासमेत हुन सक्छ भन्ने कुरा नाटकले देखाएको छ ।

अस्वस्थताका कारण गरुडध्वजको कामवासना शिथिल हुँदै गएको कुरा पम्फाले अनुभव गरेकी छे । लोग्नेले आफूलाई यौनतृप्ति गराउन नसकेको र आफ्नो कामेच्छा पूरा नहुँदा ऊ प्राकृतिक, मानसिक तनाव सहदै आएकी छे । आफूभित्र कसिँदै गएको अतृप्त कामवासना जयवीरको उपस्थितिले  समुद्रको छाल उर्लेर आएको ज्वारभाटा समान भएको छ । यौन सुखलाई प्राप्त गर्न झुटहरू समेत बोल्न पुगेकी छे । देवरले पशुपति लान नखोज्दा नखोज्दै जानु, वैकुण्ठको घरमा गएर ढोका लगाउनु पनि अतृप्त यौनेच्छा शान्त पार्न गरिएको कदम हो । समाजमा एकाध नारी आफ्नो कामवासना पूरा गर्न जस्तैसुकै उमेरका पुरुषसँग सहवास गर्न तयार हुन्छन् भन्ने दृष्टान्त अन्धवेग नाटककी नायिका पम्फा हुन् ।

नाटकमा  पम्फाले घरमा लोग्ने हुँदाहुँदै यौनेच्छा पूरा गर्न गरेको कदम वासनात्मक दृष्टिकोणले बेठिक भन्न सकिन्छ । पम्फाले आफ्नो स्वार्थसिद्धका लागि नारीत्वमाथि नै आँच आउने काम गरेकी छे । ऊ यौन आनन्दमा चुर्लम्म डुब्न खोज्दा नाटक दुःखान्त बनेको छ । पम्फाको त्यही आवेगको कारण सिङ्गो परिवार तहस नहस बन्न पुगेको छ । साना बालबालिकाको जीवन अन्धकार बनेको छ । यसरी घरपरिवार र समाजको हित नहुने यस्ता कुकर्महरूबाट मान्छेहरू बँच्न सक्नुपर्छ । यस्ता घटनाले समाजमा यौनप्रतिको आवेग नियन्त्रण गर्न नसके जीवन पीडादायी बन्छ भन्ने सन्देश पाइन्छ । हाम्रो नेपाली समाजमा  यौनप्रति बढ्दै गएको स्वतन्त्रताले  नकरात्मक प्रभाव पारेको पाइन्छ । तथापि नाटक दुःखान्त हुनुमा पम्फालाई मात्र दोष दिन मिल्दैन किनकि भाउजू भनेर जान्दा जान्दै उसको सुन्दरतामा मख्ख पर्ने जयवीर, पत्नीको भावना बेवास्ता गर्ने गरुडध्वजले पत्नी पम्फा भाइसँग लागेको थाहाँ पाएर पनि सुरुमा रोक्न नखोज्नु र अन्त्यमा भाइको कुरा नसुनी अन्धो आवेगमा आएर अप्रिय निर्णय लिनुले पनि नाटक दुःखान्त बनेको छ ।

## सन्दर्भ सामग्री

इब्सेन, हेनरिक (सन् १९६१), *ड्रामा अफ इब्सेन एन्ड स्ट्रिन्डवर्ग,* क्यासेल एण्ड क. लि.।

उपाध्याय, केशवप्रसाद (२०६६), *समको दुःखान्त नाट्यचेतना,* साझा प्रकाशन ।

खरेल, दुर्गाप्रसाद (माघ ९, २०७६), *महिला मुक्ति आन्दोलन,* नेपाली एकता ।

गुरागाईं, उमादेवी (२०८१), मसान नाटकमा लैङ्गिक उत्पीडन र प्रतिरोध, *एकेडेमिक जर्नल अफ* सुकुना, ४ (१), १५–२७ ।

गौतम, कृष्ण (२०५०), *आधुनिक आलोचना अनेक रूप अनेक पठन,* साझा प्रकाशन ।

तामाङ, गणेश (पुष २२, २०८०), *नारी विद्रोहको कसीमा मसान नाटक,* साहित्यपोस्ट ।

थापा, मोहनहिमांशु (२०६६), *साहित्य परिचय,* साझा प्रकाशन ।

दाहाल, भूमिप्रसाद (सन् २०१२), सुलोचना महाकाव्यमा नारीपात्रहरूको संक्षिप्त अध्ययन, *दमक क्याम्पस जर्नल,* २, ९७-१०६ ।

पन्त, साधना (२०७९), उत्तरवर्ती नेपाली नारी निबन्धमा नारीवादी चिन्तन, करिकुलम डिभेलपमण्टल जर्नल, *३०*(४४), २५३-२६७ ।

पौड्याल, कृष्णविलास (२०७१), *आधुनिक नेपाली नाटक उत्तरवर्ती चरण,* नवीन प्रकाशन ।

फ्रायड, सिगमन  ((सन् १९३१), फिमेल सेक्सुलिटी, द होगार्थ प्रेस ।

भण्डारी, शशिधर ( २०७६, माघ १९), महिला मुक्ति आन्दोलनमा नारीवादः एक छोटो विमर्श, *नयाँ युगबोध,* राष्ट्रिय दैनिक ।

भट्टराई, श्यामप्रसाद (२०७८), *नेपाली आख्यान र नाटक,* जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ हाउस ।

महिला कानुन र विकास मञ्च, (२०६६), *यौनिकताको अधिकार र नेपाली कानुन, महिला कानुन र विकास मञ्च,* जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ हाउस ।

सम, बालकृष्ण (२०२७), *तानसेनको झरी,* साझा प्रकाशन ।

सम, बालकृष्ण (२०३२), *भीमसेनको अन्त्य,* साझा प्रकाशन ।

सेक्सपियर, विलियम (सन् १९७१),.*सेक्सपियरियन ट्रेजेडीः रिलिजन एण्ड लिटरेचर,* फेवर एण्ड फेवर ।